नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग

नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोन नं.: ०१-४५६५२५३
ई-मेल: info@deoc.gov.np
वेवसाईट: www.deoc.gov.np

पत्र संख्याः
चलानी नं.: ६०३

मितिः- २०८२।०८।२२

**"कुनै व्यक्ति एकै समयमा एक मात्र सहकारी संस्थाको सञ्चालक हुन सक्ने" ब्यवस्था कार्यान्वयनका लागि सहकारी संस्था र सहकारी सञ्चालक सदस्यलाई जारी गरीएको निर्देशन।**

श्री सहकारी संस्थाहरु तथा सहकारी सञ्चालक सदस्यहरु
सबै ।

सहकारी ऐन, २०७४ को दफा ४१ (५) मा रहेको कुनै व्यक्ति एकै समयमा एक मात्र सहकारी संस्थाको सञ्चालक हुन सक्ने ब्यबस्था र दफा ४४(१) को खण्ड (ग) मा रहेको कुनै सञ्चालक अर्को सहकारी संस्थाको सञ्चालक रहेमा निज आफ्नो पदमा बहाल रहन सक्ने छैन भन्ने प्रावधानका कार्यान्वयनका लागि यस विभाग र सहकारी नियामक निकायहरुवाट यस अघि देहाय बमोजिम निर्देशन तथा मापदण्ड जारी भएको स्मरण गराउँदै हालसम्म पनि केहि व्यक्तिहरु दोहोरो सञ्चालकका रुपमा कार्यरत रहेको भन्ने गुनासो प्राप्त भई रहेकोले निर्देशनका बाबजूत यसरी हालसम्म पनि दोहोरो सञ्चालकमा बहाल रहनु भएका सञ्चालक सदस्यलाई यथाशिघ्र उक्त कानूनी प्रावधान कार्यान्वयन लागि सम्वन्धित सबै सहकारी संस्था तथा सञ्चालक सदस्यलाई यो निर्देशन जारी गरिएको छ ।

- सहकारी विभागवाट मिति २०८१/०३/१९ र २०८१।०४।१७ मा जारी निर्देशन,
- राष्ट्रिय सहकारी नियमन प्राधिकरणवाट मिति २०८२/०२/०९ मा जारी भएको बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको सञ्चालन सम्वन्धमा जारी गरिएको नियामकिय मापदण्ड, २०८२ को परिच्छेद ७ को बुँदा १.४,
- सहकारी विभागवाटै मिति २०८२।०३।३२ मा जारी भएको सहकारी संघ/संस्थामा सुशासन प्रबर्धनको लागि जारी एकिकृत निर्देशन, २०८२ को बुँदा नं १६, र
- नेपाल राष्ट्र बैंकवाट मिति २०८१/१२/०४ मा जारी भएको बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाको लागि निर्देशन तथा मापदण्ड, २०८१ को परिच्छेद ७ को बुँदा १.४ ।

समग्र सहकारी क्षेत्रमा सुशासन प्रवर्धनका माध्यमवाट सहकारीका मूल्य, मान्यता तथा सिद्धान्तहरु स्थापित गरी सहकारीलाई मुलुकको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणको एक सशक्त मेरुदण्डका रुपमा अंगिकार गर्ने सवालमा सहकारी अभियान र नियमनकारी निकायको साझा दायित्व भएको सवालमा कानून तथा नियमनकारी निकायका निर्देशनको परिपालना गर्नु, स्वार्थको द्वन्दका कारणले हुनसक्ने स्रोतको दुरुपयोग रोक्नु, सञ्चालक समितिको कानून बमोजिमको वैधानिकता कायम राख्नु पर्ने सवालमा हामी सबै सचेत र सजक हुनुपर्ने कुरामा द्विविधा छैन । अतः सहकारी संस्थाहरुको नियमनको भूमिकामा रहेका सबै नियमनकारी निकायहरुले सहकारी संस्थाहरुको अनुगमन, निरिक्षण, नियमन तथा सुपरिवेक्षणका क्रममा उल्लेखित कानूनी प्राबधानको परिपालनाको अवस्था समेत हेरी परिपालना नभएको पाईएमा सहकारी ऐन,२०७४ तथा ऐ. नियमावली, २०७५ बमोजिम कारवाही गर्ने/गराउने ब्यवस्था गर्न विभाग सम्वन्धित सबैमा हार्दिक अनुरोध गर्दछ ।

२०८२/०८/२२

(उमेश ढुङ्गाना)
उमेश ढुङ्गाना
रजिष्ट्रार